(कृपया पत्रोत्तरमा प्राप्त पत्रसंख्या
र मिति अवश्य उल्लेख गर्नुहोला)

नेपाल सरकार
# शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

☎ ६-६३७८७२/६-६३७८७३
Email : info@tsc.gov.np
Website: www.tsc.gov.np

पत्र संख्या : ०७०/७१ **मितिः २०७१।०३।०६**
चलानी नं. : १४१४

**विषय : स्थायी नियुक्तिका लागि सिफारिस गरिएको बारे ।**

श्री जिल्ला शिक्षा कार्यालय,
............................।

प्रस्तुत विषयमा यस आयोगबाट **माध्यमिक/निम्नमाध्यमिक तहको** स्थायी शिक्षक पदपूर्तिको लागि मिति २०६९/०९/१९ गते प्रकाशित खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापनबमोजिम त्यस जिल्लाबाट माग भई आएका विभिन्न विषय र पदका लागि सञ्चालन गरिएको लिखित परीक्षा र अन्तर्वार्तासमेतबाट छनौट भएका उम्मेदवारहरूलाई शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधन सहित) को नियम २४ बमोजिम स्थायी नियुक्तिका लागि आयोगको मिति २०७१/०३/०६ को निर्णयानुसार निम्न लिखित कागजातसहित सिफारिस गरी पठाइएको छ ।

सिफारिस साथ संलग्न कागजातहरू

१ सम्बन्धित जिल्लाको विज्ञापित पद संख्याअनुसार विभिन्न समूहमा सिफारिस भएका उम्मेदवारहरूको तीनपुस्ते विवरण र ठेगानासहितको समूहगत नामावली ।
२ सिफारिस भएका उम्मेदवारहरुको एकीकृत योग्यता सूची ।
३ सिफारिस भएका उम्मेद्वारहरूलाई पदस्थापन गर्ने आधारका सम्बन्धमा तयार गरिएको पत्र र सिफारिस भएका उम्मेदवारहरुले भर्नु पर्ने विद्यालय छनौट फाराम ।
४ शिक्षक सेवा आयोग नियमावलीको नियम २४ को उपनियम (३) बमोजिमको करार योग्यता सूची ।

..........................
(नारायणप्रसाद भट्टराई)
उपसचिव

बोधार्थ :
श्री शिक्षा विभाग : जानकारीका लागि
श्री क्षेत्रीय शिक्षा निर्देशनालय,
पूर्वाञ्चल/मध्यमाञ्चल/पश्चिमाञ्चल/मध्यपश्चिमाञ्चल/सुदूरपश्चिमाञ्चल : जानकारीका लागि ।

(कृपया पत्रोत्तरमा प्राप्त पत्रसंख्या
र मिति अवश्य उल्लेख गर्नुहोला)

नेपाल सरकार
# शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

६-६३७८७२/६-६३७८७३
Email : info@tsc.gov.np
Website: www.tsc.gov.np

पत्र संख्या : ०७०/७१ **मितिः २०७१।०३।०६**
चलानी नं. : १४१५

**विषय : सिफारिस भएका शिक्षकहरुको पदस्थापन सम्बन्धमा ।**

श्री जिल्ला शिक्षा कार्यालय,
............................।

प्रस्तुत विषयमा त्यस जिल्लाको मागबमोजिम आयोगबाट शिक्षक पदपूर्तिका लागि गरेको विज्ञापनअनुसार लिखित परीक्षा र अन्तर्वार्तासमेतबाट योग्यता प्रणालीका आधारमा आयोगले सिफारिस गरी पठाएका माध्यमिक, निम्नमाध्यमिक र प्राथमिक तहका उम्मेदवारहरूलाई देहायका आधारमा पदस्थापना गर्ने सम्बन्धमा आयोगको मिति २०७१।०२।२१ मा निर्णय भएको हुँदा सोहीअनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

१. जिल्ला शिक्षा कार्यालयहरुले तहगत र विषयगत आधारमा पदस्थापना गर्नुपर्ने २०६३/०१/११ यता रिक्त हुन आएका पदहरु रहेका विद्यालयहरुको नामावली तयार गरी सिफारिस भएका उम्मेदवारहरुको एकिकृत योग्यता सूचीसहित सिफारिस भई आएका उम्मेदवारहरुको जानकारीका लागि सूचनापाटीमा टाँस गर्ने ।
२. प्रकाशित गरिएको विद्यालयहरुको सूची मध्येबाट उम्मेदवारले इच्छ्याएको विद्यालय छनौटका लागि सिफारिस भइआएका उम्मेदवारहरुलाई आयोगले तयार पारेको **'विद्यालय छनौट फाराम'** भराउने । त्यसरी फाराम भराउँदा उम्मेदवारहरुलाई सूचीमा उल्लेख भएका सबै विद्यालयको प्राथमिकताक्रम उल्लेख गर्न लगाउने ।
३. पदस्थापना गर्दा जुनसुकै अवस्थामा आयोगबाट प्राप्त एकीकृत योग्यता सूचीका आधारमा मात्र गर्ने ।
४. कुनै उम्मेदवारले विद्यालयको प्राथमिकताक्रम उल्लेख नगरेको वा आंशिक रुपमा मात्र उल्लेख गरेको तर निजको योग्यताक्रमका आधारमा निजले उल्लेख गरेका विद्यालयमा पदस्थापना हुने अवस्था नरहेको अवस्थामा जिल्ला शिक्षा कार्यालयले योग्यताक्रम सूचीका आधारमा प्राथमिकताक्रम उल्लेख गरी अन्य शिक्षकको पदस्थापना गरिसकेपछि बाँकी रहन आएका जुनसुकै विद्यालयमा निजको पदस्थापन गर्न सक्ने ।

..........................
(नारायणप्रसाद भट्टराई)
उपसचिव

बोधार्थ :
श्री शिक्षा विभाग : जानकारीका लागि
श्री क्षेत्रीय शिक्षा निर्देशनालय,
पूर्वाञ्चल/मध्यमाञ्चल/पश्चिमाञ्चल/मध्यपश्चिमाञ्चल/सुदूरपश्चिमाञ्चल : जानकारीका लागि ।